"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་ག་ར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८३/८४ मितिः २०८३/०४/२६

चलानी नं.: ने.सं.: ११४६

## रासायनिक मल बिक्रेता सहकारी सूचीकृत/नवीकरण गर्ने सम्वन्धी सूचना !!!

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०४/२६)

स्थानीय तहमा अनुदानको मल व्यवस्थापनका लागि अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट उपलब्ध गराइने अनुदानको रासायनिक मल आपूर्ति तथा वितरण गर्न ईच्छुक र रीत पुगेका नमोबुद्ध नगरपालिका क्षेत्र भित्रका सहकारीहरुले सूचीकृत/नविकरण गर्न मिति २०८३/०५/०१ गते भित्र तपसिल अनुसारका कागजात सहित यस नगरपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपसिलः

१. सहकारीको लेटरप्याडमा सूचीकृत/नविकरण गरिदिने सम्बन्धको निवेदन
२. सम्बन्धित वडा कार्यालयको सिफारिस,
३. सहकारी संस्था सूचीकृत/नविकरण हुने सम्बन्धको निर्णयको प्रतिलिपि,
४. सहकारी संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
६. पछिल्लो दुई आ.व. को कर चुक्ताको प्रतिलिपि,
७. रासायनिक मल बिक्रेता दर्ता प्रमाण पत्र,
८. नमोबुद्ध नगरपालिका, सहकारी शाखामा सूचीकृत भएको प्रमाण
९. नगरपालिकामा व्यवसाय दर्ता प्रमाण पत्र (नविकरण भएको)
१०. आ.व. २०८२/८३ मा अनुदानको रासायनिक मल बिक्रि वितरण गरेको विवरण,
११. कार्यविधिको अनुसूची ४ बमोजिमको प्रतिबद्धता पत्र

२०८३/४/२६

सुषमा मेहता के.सी.
प्रमुख प्रशासकीय अधिकृत